प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
१५ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१५ ।। अङ्क : १८ ॥ २०७९ फागुन ०५ गते शुक्रबार (17th Feb 2023 Friday) Pratidin National Daily dNo-?:%÷-

# राजनीतिक अन्यौलताप्रति सभामुख र उपसभामुखको चिन्ता




झापा(प्रस) । प्रतिनिधिसभाका सभामुख र उपसभामुखले देशको राजनीतिक अन्यौलताप्रति चिन्ता व्यक्त गरेका छन् । बिर्तामोड नगरपालिकाले विहीवार आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा बोल्दै सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना मगरले निर्वाचनपछि देशमा सुशासन र स्थीरता कायम हुनुपर्नेमा राजनीतिक अस्थीरता र अन्यौलता थपिदै गएपछि चिन्ता गरेका हुन् । कार्यक्रममा बोल्दै सभामुख घिमिरेले अब हुने राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनले पनि देशलाई राजनीतिक अन्यौलतामा धकेलेको बताए । उनले सरकारमा बस्ने नबस्ने , सरकारमा रहेर विरोध गर्ने , सरकारमा नरहेर विरोध गर्ने राजनीतिक दलहरुको गन्तव्य के हो ? उद्धेश्य के हो ? आफूले बुझ्न नसकेको बताए । यी यस्ता चुनौती र प्रतिकुलताको सामना गर्दै संसदलाई जनताको समस्यालाई निष्पक्षताका साथ छलफल गर्ने थलो बनाउने आफ्नो जिम्मेवारी भएको बताए । उनले देशको आर्थिक स्थिति जर्जर भएको , अर्थमन्त्रालयले ३० प्रतिशत बजेट कटौती गरेको , दैनिक जीवनयापन चलाउन गाह्रो भएकोजस्ता समस्याले अहिले प्रतिकुल र चुनौतीपूर्ण घडी आएकोतर्फ सचेत गराए । झापा क्षेत्र नं २ का निर्वाचित सांसदसमेत रहेका घिमिरेले आफूलाई विकास निर्माणको लागि जनताले भोट दिएकोमा आफू संविधान रक्षा गर्ने भूमिकामा पुगेपनि यस क्षेत्रको जनताको जीवनस्तर कसरी उकास्न सकिन्छ र कायापलट गर्ने आधार कसरी निर्माण गर्न सकिन्छ भनेर गंभीर बनेको धारणा राखे । त्यस्तै उपसभामुख मगरले नियुक्तिमा राजनीतिक भागवन्डा उचित नभएको बताइन् । उनले सक्षम व्यक्तिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन् । विगत ३३ वर्षदेखि समाजसेवा गर्दै आएकी मगरले सडकमा कराएर नहुने भएपछि आफू राजनीतिको बागडोर सम्हाल्न आएको धारणा राखिन् । नगर प्रमुख पवित्रा महतारा प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी ,प्रदेश सांसद एकराज कार्कीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले स्वागत मन्तव्य राखेको कार्यक्रममा बिर्तामोड नगरपालिका , पत्रकार महासंघ झापा , अलैची व्यवसायी महासंघले सम्मान गरेका थिए । कार्यक्रमको संचालन नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिनाले गरेका थिए ।

# अण्डाभित्र ब्राउनसुगर लुकाउने दुई पक्राउ




झापा(प्रस) । भारतबाट अण्डाभित्र ब्राउनसुगर लुकाएर ल्याउने दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा अर्जुनधारा नगरपालिका वडा नं.३ बस्ने २४ वर्षिय ऐतराज इवा र सोही ठाउँ बस्ने २७ वर्षिय प्रकाश खाती रहेका छन् ।

बिहीवार दिउँसो २.३० बजेको समयमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले मेचीनगर नगरपालिका वडा नं. ६ पुरानो मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेका इवा र खातीलाई चेकजाँच गर्दा इवाले दाहिने हातमा बोकेको अण्डाको क्यारेट खोली हेर्दा उक्त क्यारेटमा जम्मा रहेको १२ पिस अण्डामध्ये बीचमा रहेको एउटा अण्डालाई सानो दुलो बनाई भित्री भाग फालेर हरियो रंगको प्लाष्टिकको पोकामा ब्राउनसुगर लुकाएर ल्याएका थिए । ५ ग्राम ब्राउनसुगरसहित दुबै जनालाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय काँकरभिट्टामा ल्याई आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# आमा हरिकलाको निधन

## सांसद भण्डारीलाई मुम्बई लगियो





डाइरेक्टर निजिना ताम्राकारले जानकारी दिइन् । बुधबार राति ग्यास सिलिन्डर लिक भएर चन्द्र भण्डारी र उनकी आमा हरिकला भण्डारी गम्भीर घाइते भएका थिए । घाइते भएका सांसद भण्डारी र उनकी आमालाई बानेश्वरस्थित सिभिल हस्पिटल हुँदै कीर्तिपुर अस्पताल लगिएको थियो।

यसैबीच ग्यास सिलिन्डर विस्फोटमा घाइते भएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सांसद भण्डारीलाई थप उपचारका लागि भारत लगिएको छ ।

श्री एयरलाइन्सको विमानमार्फत उनलाई थप उपचारका लागि चिकित्सकको टोलीसहित मुम्बई लगिएको हो । चिकित्सकले नेता भण्डारीलाई सुविधासम्पन्न अस्पतालमा उपचार गर्न सुझाव

❖ बाँकी अन्तिम पृष्ठमा

# आजदेखि बिर्तामोड अन्तर्राष्ट्रिय महोत्सव




झापा, फागुन ४ । बिर्तामोड अन्तर र्ाष्ट्रिय औद्योगिक ब्यापार महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ । फागुन १५ गतेसम्म सञ्चालन हुने महोत्सवको उद्घाटन आज शुक्रवार सभामुख देवराज घिमिरेले गर्ने महोत्सव मूल आयोजक समितिले जनाएको छ ।

बिहीवार अपरान्ह महोत्सवको तयारीका विषयमा जानकारी दिन आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा महोत्सव मूल आयोजक समिति संयोजक राजु न्यौपानेले महोत्सवको सम्पूर्ण तयारी पूरा भएको बताए । महोत्सव बिर्तामोड नगरपालिका - २ रामचौकस्थित पूर्वपश्चिम राजमार्गको उत्तरमा सञ्चालन हुँदैछ ।

सभामुख घिमिरेसंगै उपसभामुख इन्दिरा राना मगर, झापा क्षेत्र नम्वर २ का सांसद, जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, व्यवसायी तथा स्थानीयको उपस्थितिमा महोत्सव उद्घाटन हुने बताइएको छ । महोत्सव ११ दिनसम्म सञ्चालन हुने छ ।

प्रदेश १ कृषि , पर्यटन एवम् औद्योगिक दृष्टिकोणले समेत सुगमस्थल रहेको र यहाँको उत्पादनलाई भारतलगायतका विभिन्न मुलुकमा निर्यातका लागि पहिचान गराउने उद्देश्यले महोत्सवमा प्रर्दशनी गरिने बताइएको छ ।

महोत्सवमा २०० सय वटा स्टल रहने छन् । महोत्सवमा अन्तर्राष्ट्रिय औद्योगिक उपकरण , कृषि तथा जडिबुटी, पर्यटन, दैनिक उपभोग्य वस्तुहरु, हस्तकला तथा तयारी पोशाक, प्रदर्शनमा रहने बताइएको छ । महोत्सवमा बंगलादेश, पाकिस्तान र भारतका व्यवसायीहरुको समेत सहभागिता रहने बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले बताए। महोत्सवलाई सभ्य र भब्य बनाउन सबै तयारी पूरा भईसकेको पत्रकार सम्मेलनमा अध्यक्ष शिवाकोटीले जानकारी दिए । महोत्सवले कृषि र पर्यटनका साथै औद्योगिक क्षेत्रमा आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग पुग्ने र झण्डै ४५ करोड रुपैयाँ बरावरको आर्थिक कारोवार हुने अपेक्षा गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक न्यौपानेले बताए । उनले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रले आर्थिक क्षेत्रलाई चलायमान बनाउन अहम् भूमिका निर्वाह गर्ने बताए ।

पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष बलराम कार्कीलगायत बिर्तामोडका उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो । पत्रकार सम्मेलनको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका सचिव कुशल खतिवडाले गरेका थिए ।

**बिर्तामोड खानेपानीको अत्यन्त जरुरी सूचना**

संस्थामा आसन्न निर्वाचनलाई मध्यनजर गरी उपभोक्ता परिचय-पत्र बनाउने कार्य धमाधम भइरहेकोले विगतमा अभिलेखमा फोटो नभएका र परिचय-पत्र नबनाएका उपभोक्ताहरुलाई यही मिति २०७९।११।१५ गतेभित्रमा संस्थाको मुख्य कार्यालय भवनमा तपसिलका कागजातसहित उपस्थित भइदिनुहुन सादर अनुरोध छ ।

**तपशिल**

१) २०७९ माघ महिनासम्मको पानी महशुल तिरेको रसिद
२) उपभोक्ता ग्राहक नम्बर
३) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, बिर्तामोड-५, झापा**






# माओवादी केन्द्रले गरायो ध्यानाकर्षण



बिर्तामोड(प्रस) ।नेकपा माओवादी केन्द्र बिर्तामोड नगर कमिटीले बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखामा औषधि खरिदलगायतका क्षेत्रमा अनियमितता भएको भन्दै नगरपालिकामा ज्ञापनपत्र बुझाएको छ ।

पार्टीका बिर्तामोड नगर कमिटी अध्यक्ष मोहन सुब्बा, सचिव गणेश सौगात कालिकोटेलगायतको टोलीले नगर प्रमुख पवित्रादेवी महतारा प्रसाईलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा नगरपालिका स्वास्थ्य शाखाले बिमा औषधि खरिदमा नगरपालिका आफैले औषधि खरिद गरि विरामीलाई वितरण गर्नुपर्नेमा ठेक्का प्रणालीबाट औषधि खरिद र विक्री गर्ने गरिएको जनाईएको छ । औषधि खरिद गर्दा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित भएको खरिद गर्नुपर्नेमा नगरपालिकाले मापदण्ड पुरा नगरी आफ्नो अनुकूलतामा खरिद गर्ने गरेको ज्ञापनपत्रमा उल्लेख गरेको छ । यसैगरी नगरपालिकाले स्वास्थ्य बिमा बोर्डमा गरेको सम्झौतामा कुल ११३१ प्रकारका औषधिहरु बिक्री वितरण गर्नुपर्नेमा ३०० प्रकारमा मात्रै औषधि वितरण गरेर नागरिकको स्वास्थ्यमा खेलवाड गरेको जनाईएको छ । नगरपालिकाले आफ्नै स्वास्थ्य संस्थाबाट औषधिको बिलिङ गर्नुपर्ने भएपनि ठेक्का लगाएर अन्य स्वास्थ्य संस्थाबाट विलिङ गर्ने गरेको माओवादी केन्द्रले ध्यानाकर्षण गराएको छ । बिर्तामोड नगरपालिकाकी प्रमुख महताराले ज्ञापनपत्र बुझ्दै नगरपालिकाको गलत क्रियाकलाप गर्ने मनसाय नभएको र गल्ती भएको भए सच्याइने प्रतिवद्धता जनाइन् ।

स्वास्थ्य विमाको औषधि अस्पतालले आफै बितरण गर्दा प्राविधिक समस्या र घाटा भएकोले ठेक्कामा जानु परेको नगर प्रमुख महताराको भनाई थियो ।

# फागुन ६ गतेदेखि प्याब्सनको 'स्पोटर्स मिट'

झापा(प्रस) । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल(प्याव्सन) झापाले फागुन ६, ७ र ८ गते जिल्ला स्तरीय खेलकुद प्रतियोगिता गर्ने भएको छ । प्याव्सन झापाको वार्षिक कार्यतालिका अनुसार 'स्पोटर्स मिट'को फाइनल खेल गर्ने र कार्यक्रम समापन गरिने खेलकुद उपसमिति संयोजक टी आर गौतमले बताए । झापाका १४ वटै पालिकाबाट खेलकुद विधामा छनौट भएका विद्यालयले जिल्ला स्तरीय 'स्पोटर्स मिट'मा सहभागिता जनाउने वुधवार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो ।

खेलकुद प्रतियोगिताअन्तर्गत फुटवल ,भलिवल, क्रिकेट प्रतियोगितामा छात्र-छात्राले छुट्टाछुट्टै प्रतिष्पर्धा गर्ने प्याब्सन झापाका सचिव हरिकृष्ण पाठकले जानकारी दिए ।

प्रतियोगिताका फाइनल खेलहरु शिवसताक्षी नगरपालिकाको दुधेस्थित खेलमैदानमा हुने बताइएको छ ।

यसअघि विभिन्न विधाका खेलमा उत्कृष्ट विद्यार्थीले 'स्पोटर्स मिट'को फाइनल खेलमा सहभागिता जनाउने र उत्कृष्ट विद्यार्थी तथा विद्यालयलाई पुरस्कार प्रदान गरिने प्याव्सन झापाका सदस्य सुमन शर्मा जमरकट्टेलले बताए ।

पालिका स्तरीय प्रतियोगिताअन्तर्गत भएको फुटवल खेलमा ३२ सयभन्दा बढी विद्यार्थीले सहभागिता जनाएका थिए भने भलिवलतर्फ १२ सय छात्र र नौ सय छात्राले सहभागिता जनाएका थिए । त्यस्तै हाइजम्प, लङजम्प दौड, एथलेटिक्सलगायतका विभिन्न विधामा भएका प्रतिष्पर्धामा ४ हजारभन्दा बढी विद्यार्थीले सहभागिता जनाएको प्याव्सन झापाले जनाएको छ । पालिका स्तरीय प्रतियोगितामा भएका खेलहरुमा ४० लाखभन्दा बढी खर्च भएको बताइएको छ । विद्यार्थीहरुको पढाईसंगै खेलकुद क्षेत्रलाई समेत अगाडि बढाउने उद्देश्यले हरेक वर्ष खेलकुद कार्यतालिका बनाएर प्रतियोगिता गर्ने गरेको प्याव्सन झापाले जनाएको छ । प्याव्सन झापामा ३४६ वटा विद्यालय आवद्ध रहेका छन् ।

# रेडक्रस झापाको सभापतिमा पुनः ढकाल

झापा(प्रस)। नेपाल रेडक्रस सोसाईटी झापाको सभापतिमा लोकराज ढकाल पुनः निर्विरोध चयन भएका छन् । योसंगै ढकाल सभापतिमा चौथो कार्यकालका लागि निर्विरोध चयन भएका हुन् । यसअघिका तीन कार्यकालमा पनि ढकाल निर्विरोध सभापति चयन भएका थिए ।



सहमतिका आधारमा बिहीवार सभापति सहित पदाधिकारी र महिला सदस्य निर्विरोध चयन गरिएको हो । जसअनुसार उपसभापतिमा मित्रदेव काफ्ले र मञ्जु सिटौला पोखरेल, मन्त्रीमा चन्द्रप्रसाद चुडाल, कोषाध्यक्षमा ओमप्रकाश गौतम, उपमन्त्रीमा प्रकाशचन्द्र खरेल र उपकोषाध्यक्षमा हेम खड्का चयन भएका छन् । त्यस्तै महिला सदस्यमा सिता भण्डारी(भद्रपुर), कुसुम कोइराला(मेचीनगर) र शर्मिला अधिकारी(भद्रपुर) निर्विरोध चयन भएका छन् । रेडक्रस झापाको ७ जना खुला सदस्यका लागि १६ जनाको उम्मेद्वारी परेको छ । शुक्रबार दिउँसो १ बजेसम्म उम्मेद्वारी फिर्ता लिने समय रहेको र त्यो समयमा पनि सहमति नभए शनिबार मतदानमार्फत सदस्य चयन गरिने रेडक्रस झापाले जनाएको छ । आगामी तीन बर्षे कार्यकालका लागि जिल्लाका २६ वटा रेडक्रस उपशाखाबाट छनौट भएका जिल्ला प्रतिनिधिहरुले १७ सदस्यीय जिल्ला कार्यसमिति चयन गर्नेछन् ।

# मिर्गौलापीडित मण्डललाई खाद्यान्न सहयोग

भद्रपुर(प्रस) । दुवै मिर्गौला खराब भएर डायलोसिस गराइरहेका झापा भद्रपुरका एक बिरामीलाई खाद्यान्न सहयोग गरिएको छ। कर्णाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्यसमेत रहेका भद्रपुर - ६ शारदा टोलका मिर्गौला पीडित गोपाल मण्डललाई घरमै पुगेर खाद्यान्न सामग्री हस्तान्तरण गरिएको हो।

मण्डल परिवारलाई पूर्व प्रदेश मन्त्री ओमप्रकाश सरावगी, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल र ६ नम्बर वडा अध्यक्ष रतिया राजवंशीले एक संक्षिप्त कार्यक्रमका बीच राहत सामग्री प्रदान गरेका हुन् । मण्डलका ९६ वर्षीय बुवा र ८० वर्षीया आमा जीवित छन्। टेलरिङ व्यवसाय गरेर परिवारको गुजारा गर्ने मण्डल आफै मिर्गौला रोगी भएपछि उपचारसँगै परिवार पाल्न आर्थिक संकट भएको छ।

गंगामाया नरबहादुर क्यान्सर पीडित संस्थाका अध्यक्ष भूपाल बस्नेतको सहजीकरणमा भएको कार्यक्रममा कर्णाली साकोसले १० हजार , संस्थाका सदस्य तथा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश एकका अध्यक्ष टीकाराज ढकालले १० हजारबराबर र समाजसेवी मुना दाहालले समेतले खाद्यान्न सहयोग गरेका छन् । कार्यक्रममा पूर्व मन्त्री सरावगी, नगर प्रमुख पोखरेल र वडाध्यक्ष राजवंशीले स्वास्थ्य लाभको कामना गर्दै सहयोग गर्न आह्वान गरेका छन् । त्यस अवसरमा पूर्व मन्त्री सरावगीले ५ हजार १ सय र ६ नम्बर वडा अध्यक्ष रतिया राजवंशीले वडा कार्यालयको तर्फबाट १० हजार सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

### आमा...

दिएपछि उनलाई भारतको मुम्बई लगिएको हो । भण्डारीको उपचार मुम्बईको नेशनल बर्न सेन्टरमा हुँदैछ । नेता भण्डारीले नेपालमै उपचार गर्ने चाहना राखेका थिए । यद्यपि, स्वास्थ्यमन्त्री पदम गिरीले अस्पतालमा पुगेर नेता भण्डारी र चिकित्सकसँगको भेटपछि भण्डारीलाई थप उपचारका लागि भारत लैजान मनाएका थिए । भण्डारीको शरीर ३० प्रतिशत जलेको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार भण्डारीका दुवै हात गोडा र अनुहार जलन भएको छ । स्वास नलीमा तातो हावा र धुवाँको कारणले जलन भएको हुनसक्ने अत्यधिक सम्भावना रहेको अस्पतालका चिकित्सकद्वय डा. किरण नकर्मी र डा. निजिना ताम्राकारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यस्तो अवस्थामा सुविधासम्पन्न अस्पतालमा उपचार गर्नु राम्रो हुने चिकित्सकले सुझाव दिएका थिए ।

बिर्तामोड नगरपालिकाको आह्वान, हात्तीपाइले रोग मुक्त नगर हाम्रो अभियान

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति **२०७९ फागुन ११ गतेदेखि** हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीहरूद्वारा खुवाइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान **२०७९ फागुन १७ गतेसम्म** सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने ।
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने ।
- पुरूषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने ।
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने ।
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने ।
- पिसाब सेतो वा रातो आउने ।
- लामो समयसम्म सुख्खा खोकी लागिरहने ।
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरू बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधि सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
प्रदेश नं. १, झापा

"हल्दीबारीको दृष्टी कृषि र पर्यटन मार्फत सम्वृद्धी"

**हल्दीबारी गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
जलथल झापा, १ नं प्रदेश नेपाल

## दरखास्त आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।११।४

यस गाउँपालिका अन्तर्गतको हल्दीबारी आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरुका लागि तपशिलका पदहरुमा सेवा करारबाट पदपूर्ती गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट दरखास्त फारम लिई समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल : १

| क.स. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | सेवा/समुह | सेवा/सुविधा |
|---|---|---|---|---|---|---|
| १ | ०४/२०७९/०८० | ल्याब टेक्निसियन | पाचौँ | १ | स्वास्थ्य /ल्या.टे. | पाचौ तहको सुरु तलब स्केल |
| २ | ०५/२०७९/०८० | ल्याब अस्सिटेन्ट | चौथो | १ | स्वास्थ्य /ल्या.टे. | चौथो तहको सुरु तलब स्केल |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**
क. ल्याब टेक्निसियनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव टेक्निसियन तह उत्तिर्ण ।
ख. ल्याब अस्सिटेन्टका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याट अस्सिटेनमा तह उत्तिर्ण ।
ग. माथि उल्लेखित सबै पदका लागि सम्बन्धित परिषद् (Council) मा दर्ता भई नविकरण भएको हुनुपर्नेछ ।
घ. कार्यकुशलता र अनुभवलाई प्रथमिकता दिईनेछ ।
**घ. उमेरको हदः**- दरखास्त दिने मितिसम्म १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
४. **परिक्षाको किसिमः**- लिखित तथा अन्तर्वाता
५. **परिक्षा केन्द्रः**- हल्दीबारी गाउँपालिकाको कार्यालय, जलथल, झापा ।
६. **दरखास्त दस्तुरः**- ल्याब टेक्निसियन पदको लागि रु ५००, ल्याब अस्सिटेन पदको लागि रु ४००/- यस कार्यालयको CITIZEN Bank मंगलबारे शाखाको आन्तरिक राजश्व खाता नं. ०६३०१००००००१२०२ वा कार्यालयमा राजश्व रकम जम्मा गरेको सक्कल बैक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।
७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**- नागरिकताको प्रतिलिपि ,शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपिहरु,पासपोर्ट साइजको फोटो दुई थान, अनुभव भए अनुभवको प्रमाणपत्र ।
८. **दरखास्त पेश गर्ने स्थानः**- हल्दीबारी गाउँपालिकाको कार्यालय(स्वास्थ्य शाखा), जलथल, झापा ।
९. **दरखास्त दिने अन्तिम मितिः**- २०७९/११/१८ गते सम्म कार्यालय समय भित्र (सो दिन विदा भएमा कार्यालय खुलेको अर्को दिन) ।
१०. **करार अवधिः**- २०८० असारमसान्तसम्म र अन्य करार सम्झौतामा उल्लेख भए अनुसार ।
११. **परिक्षा मितिः**- पछि प्रकाशन गरिनेछ ।
**नोटः** तोकिएको योग्यता नपुगेको उमेद्वारको दरखास्त फारम स्वीकृत हुनेछैन ।दरखास्त फारम र सूचना एवं थप जानकारीका लागि www.haldibarimun.gov.np मा हेर्न र प्राप्त गर्न सकिन्छ ।




## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , मःम , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

**स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्**



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### फेरि अस्थिरता

माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले सय दिन कटाएको छैन।तर, यहीबीचमा सरकार रहने कि नरहने भन्ने खेल शुरु भइसकेको छ। सत्तारुढ नेकपा एमाले र माओवादी केन्द्रबीचको अविश्वासले यो सरकार धेरै दिन टिक्नेमा आशंका गर्न थालिएको छ। नेपालमा राजनीतिक दलको भूमिकालाई सूक्ष्म रूपमा अध्ययन गर्ने हो भने सरकारमा गएर सत्ता चलाउन र सुशासन कायम गराउन उनीहरू असफल हुँदै आएका छन्। शासनसत्ता नै परिवर्तन गराउन निकै ठूलो भूमिका खेल्दै आएका मुख्य दल शासकीय दृष्टिले भने त्यति सफल देखिन सकेका छैनन्। यद्यपि, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको अभ्यास भइरहेको छ।

संघीय शासन व्यवस्थाको अभ्यास भइरहँदा यो शासन व्यवस्था सञ्चालनमा पनि ठूलाठूला समस्या आइरहेका छन्। यस्ता समस्याको समाधान तत्काल नगर्ने हो भने संघीय शासन प्रणालीको सफलतामा नै गम्भीर आघात पर्न सक्छ। मुलुकको विकास, समृद्धि र राष्ट्रिय अखण्डताको जगेर्ना गर्ने विषयमा राजनीतिक दलबीच एकता र सौहार्दपूर्ण सम्बन्ध हुन जरुरी छ। मुलुकमा देखिएको रोग, भोक, अशिक्षा, गरिबी, विपन्नता हटाउने विषयमा पनि हाम्रा राजनीतिक दलबीचमा त्यस्तै प्रकारको एकता आवश्यक छ। प्रमुख राजनीतिक दलमा नै विचलन आउन थालेको विश्लेषण जनमानसमा हुन थालेको छ। दल सञ्चालन गर्ने अगुवा असल र इमानदार बन्न सक्ने हो भने शासकीय व्यवस्था पनि सफल हुँदै जान्छ। हुन त हामीले विगतमा धेरै प्रकारका शासकीय व्यवस्थाको अभ्यास गरेका हौं।

तर, ती शासन सञ्चालन गर्नेहरू भ्रष्टाचारमा लिप्त हुन पुग्दा विकासको फल आमजनतासमक्ष पुग्न सकेन। जसका कारण जनतामा चरम निराशा छाउन पुग्यो र विद्रोह भयो। त्यही विद्रोहको जगमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना हुन पुगेको हो। त्यसैले पनि अहिले शासन सञ्चालन गरिरहेका राजनीतिक दल र तिनका नेताले विगतमा जनता किन विद्रोहमा उत्रिए भन्ने कुराको विश्लेषण गरी आगामी दिनमा त्यस्तो अवस्था आउन नदिन सचेत र सतर्क रहनुपर्छ। निर्वाचनपछि नयाँ सरकार बनेको भए पनि जनताले प्रमुख दललाई खासै रुचाएको देखिँदैन। मुलुकमा प्रमुख राजनीतिक दलप्रति घृणा व्यक्त गर्न थालिएको छ। यदि दलले आफ्नो घोषणापत्रमा व्यक्त गरिएको प्रतिबद्धताअनुसार जनताको पक्षमा काम गर्ने हो भने कसैले पनि प्रमुख दलप्रति वितृष्णा जगाउन सक्ने अवस्था रहँदैन।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अधुरो आर्थिक सुधार अनि प्रेमप्रसादको आत्मदाह



• विजय घिमिरे

वर्तमान सरकार बनेपछि आएका तीनवटा समाचार हेरौं। पहिलो प्रेमप्रसाद आचार्यले संसद् भवनअगाडि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को गाडीको लस्कर निस्कँदै गर्दा आत्मदाह गरे। दोस्रो चितवनमा किसानले तरकारीको मूल्य नपाएको भन्दै सडकमा तरकारीको ट्रक घोप्ट्याए। तेस्रो गरिबीको रेखामुनिका जनतालाई ऋण दिई धनी बनाउन स्थापना भएका लघु वित्त संस्थाकै कारण एउटा गाउँमा परिवार घरै छाडेर हिँडे। यी तीन समाचार देशको आर्थिक नीतिसँग जोडिएका छन् र अपूर्ण आर्थिक सुधारको नतिजा हुन्। डा. रामशरण महतले अझ बढी समय काम गर्न पाएको भए वा आर्थिक सुधारको क्रमले निरन्तरता पाएको भए सम्भवतः यी समाचार आउने थिएनन्। प्रेमप्रसादले आत्मदाहसम्मको निर्णय लिनुभन्दा अघि लेखेको पढ्दा उनी आर्थिक संकटले जेलिएको देखिन्छ। एकपछि अर्को काम गरे तर आर्थिक संकट घटाउन सकेनन्। व्यवसाय गरे समान उधारो दिए तर पैसा उठेन। खुद्रा विक्रेता र उत्पादकबीचको लेनदेन व्यवहार सल्टाउने स्पष्ट कानुन चाहिन्छ। यो पनि आर्थिक सुधारको एउटा अंग हो।

राज्यसँग प्रेमप्रसाद र उनीजस्तै किसान, साना व्यवसायीलाई कसरी जोगाउने सहयोग र सहुलियत दिने भन्ने कार्यक्रम हुनुपर्थ्यो। त्यो भएन। यही कारण सायद प्रेमप्रसाद अवसाद (डिप्रेसन)मा गए र भयंकर बाटो रोजे। समस्या प्रेमप्रसादको घटनामात्र सीमित छैन। व्यवसायका लागि लिएको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको संख्या एक वर्ष यता अत्यधिक बढेको छ। साना र मध्यम व्यवसायीहरूको संकट झनै बढेको छ।

यो गम्भीर संकट हो। यसले सानो उद्यम व्यवसाय गर्नेलाई हतोत्साहित बनाइरहेको छ। चितवनका किसानले तरकारीको मूल्य नपाउँदा सडकमै तरकारी फाल्नु पर्‍यो। त्यो दृश्य हेर्दासमेत मनमा घोच्छ। तपाईं सोच्नुहोस् त पसिना बगाएर फलाएको ताजा तरकारी सडकमा फाल्नुपर्दा किसानलाई कस्तो भयो होला ? किन यसरी किसानले तयारी फाल्नु पर्‍यो ?

किसानको काम उत्पादन गर्ने हो। उसले उत्पादन गरेन भने उपभोक्ताले खान पाउँदैन। पैसा चपाएर त हुँदैन। उत्पादन गर्ने किसानलाई त अझ बढी फलाउन प्रेरित गरिरहनुपर्छ। उसले उत्पादन गरेको वस्तुको उचित मूल्यको ग्यारेन्टी सरकारले गर्नुपर्छ। अनि पो किसानले उत्पादन गरिरहन्छ। उसले सुरक्षित महसुस गर्छ। नेपालले कार्यान्वयन गरेको आर्थिक सुधारभित्र किसानको हित पनि समावेश हुनुपर्थ्यो। आर्थिक सुधारमा किसानको हितको उपेक्षा हुनु त्रुटि भयो। न आर्थिक सुधारले निरन्तरता पायो न किसानको हित हेरियो। किसानको हित सुनिश्चित गर्नेगरी आर्थिक सुधारलाई निरन्तरता दिनुको विकल्प छैन। किसानलाई समस्या परेको बेला राज्यले किन्ने हो वा कृषकलाई सहुलियत दिने हो। आर्थिक सुधारको निरन्तरताले मात्र यस समस्याको सम्बोधन हुनसक्छ। रौतहटमा लघु वित्त संस्थाबाट सानो कर्जा लिएको परिवार त्यही ऋण तिर्न नसकेर गाउँबाटै भाग्नु पर्‍यो। लघु वित्त संस्थाहरू अति विपन्न गरिबका लागि काम गर्ने भनेर स्थापना भएका हुन्।

दुर्भाग्य, तिनले लिने ऋणको ब्याज गाडी किन्दा लिइनेभन्दा पनि उच्च छ। लघु वित्त संस्था खोलेर सेयरको मूल्य बढाउने धन्दा चलेको छ। लगानीकर्ताले तत्कालको नाफामात्र हेरेका छन्। लघु वित्तको मर्मलाई बेवास्ता गरिएको छ। यही कारणले समस्या आएको हो। यसलाई अब नरोक्ने हो भने संकट अरु बढ्ने छ। विसं २०५६ मा आएको दोस्रो चरणको आर्थिक सुधार वित्तीय क्षेत्रमा केन्द्रित थियो। यो सुधारले ठूला ऋणीलाई ऋण तिर्न बाध्य बनायो त तर वित्तीय संस्थाहरू ऋणी, व्यवसायी वा ग्राहकप्रति भने लचिलो हुन सकेनन्। ग्राहकमुखी बनाइएन। वित्तीय क्षेत्र मजबुत हुनुपर्छ। तर, बैंक तथा वित्तीय संस्थाले भने नाफा कमाइरहने र ऋणी अनि ग्राहक मर्कामा परिरहने हुनुहुँदैन। अहिले वाणिज्य बैंकहरू तथा वित्तीय संस्थाले ग्राहकलाई निचोर्ने काम गरिरहेका छन्। बैंक तथा वित्तीय संस्थाको मात्र होइन ऋणी, बचतकर्ता र सबै ग्राहकको अधिकार पनि सुनिश्चित गरिनुपर्छ। वित्तीय क्षेत्र सुधारमा यो कमजोरी रह्यो। ग्राहक, ऋणी र वचतकर्ताको हितका पक्षमा हुनेगरी अर्को चरणको सुधार कार्यक्रम लागु गर्नु आवश्यक छ।

विसं २०४० को प्रारम्भबाट नेपालमा आर्थिक सुधारको क्रम सुरु भएको थियो। तत्कालीन अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनी आर्थिक सुधारमा कठिबद्ध थिए। अर्थतन्त्रमा केही दबाब पनि थिए उनले त्यसबेला ल्याएको बजेटबाट आर्थिक सुधार सुरु भएको थियो। विसं २०४९ सालमा नेपाली कांग्रेसले आर्थिक उदारीकणलाई तीव्र गतिमा अगाडि बडाउने गरी पहिलो आर्थिक सुधार कार्यक्रम ल्यायो। तत्कालीन अर्थराज्यमन्त्री महेश आचार्य र योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. रामशरण महतको जोडी आर्थिक सुधारप्रति कठिबद्ध थिए। तिनको सुधारको आलोचना पनि भयो तर यही सुधारका कारण २०४९ सालदेखि २०५१ सालसम्म तीव्र गतिले आर्थिक विस्तार भयो। त्यसपछि राजनीतिक अस्थिरता, माओवादी द्वन्द्वलगायतले सुधार बिथोलियो। विसं २०५६ मा नेपाली कांग्रेसले बहुमत ल्याएपछि सरकारले दोस्रो चरणको आर्थिक सुधारको कार्यक्रम स्वीकृत गर्‍यो। यो कार्यक्रम वित्तीय क्षेत्र सुधारलाई केन्द्रमा राखेर ल्याइएको थियो।

अहिले नेपालको वित्तीय क्षेत्र बलियो हुनुमा यही सुधारको योगदान छ। सुधार कठिन प्रक्रिया अवश्य हो तर यो निरन्तर हुनुपर्छ। सुधारले समस्या पनि ल्याउँछ।

यो समस्याको समाधानको उपाय निरन्तर सुधारमात्र हो। अहिलेको आर्थिक संकटको कारण पनि आर्थिक सुधारले निरन्तरता नपाउनु हो। अर्थमन्त्री विष्णु पौडेल र गभर्नर महाप्रसाद अधिकारीले भाषण गरेर निर्देशन दिएर अर्थतन्त्रमा सुधार हुनेवाला छैन। अर्थमन्त्री र गभर्नरको टिम त एयरपोर्टमा विदेशजान लाम लागेका युवाको संख्या गनिरहेको छ। विदेश जाने युवाले कमाएर पठाएको रेमिट्यान्सका आधारमा उनीहरू बोलिरहेका छन्। जबसम्म डा. रामशरण महतलगायतको अगुवाइमा सुरु गरिएको सुधारको लयलाई उनीहरुले समातेर अघि बढ्दैनन् तबसम्म अर्थतन्त्रले गति लिँदैन। त्यति बेलासम्म सेयर बजार पनि बढ्छ भनेर ढुक्क नहुँदा हुन्छ।

# लैङ्गिक हिंसाका मनोसामाजिक पक्ष




• जीतेन राई /राजेश पौडेल

कात्तिक महिनाको अन्तिम सातातिर ३५ वर्षे विवाहित महिला मनोसामाजिक परामर्शका लागि सम्पर्कमा आइन्। दुई छोरीकी आमा घरमा श्रीमान्लगायत अन्य परिवारको सदस्यबाट छोरा नजन्माएकै कारण पटक-पटक शारीरिक र मानसिक यातना भोगिराखेको बताउँथिन्। केही समय समस्यासँग सामना गर्दै आइराखेको भए पनि विगत केही हप्तादेखि उनमा मानसिक विचलन सुरु भएको रहेछ। जसका कारण निद्रा नलाग्ने, डर लाग्ने, आफैँलाई दोषी ठान्ने र समय समयमा आत्महत्याको विचारले सताइरहने गरेको रहेछ। निरन्तर हिंसाले मानसिक विचलन भई दैनिक क्रियाकलापमा कठिनाइ भइरहेको अवस्थामा माइतीको संरक्षणमा रहेको र आवश्यक कानुनी उपचार प्रक्रियामा गएकी रहिछन्।

परामर्शकै लागि सम्पर्कमा आएकी अर्की २२ वर्षकी एक महिला दाइजो कम भएकै कारण पटक-पटक घरेलु हिंसा खेप्दै आइराखेकी छन्। १७ वर्षमा विवाह (बाल विवाह) गरेकी उनले सुरुमा हिंसालाई सामान्य दैनिकी जस्तै बनाएर बसिरहेकी थिइन्। जब श्रीमान्को भाउजूसँगको अनैतिक सम्बन्ध आफ्नै आँखाले देखिन् तब आफूलाई सम्हाल्न सकिनन्। श्रीमान्को अनैतिक क्रियाकलापबारे बोल्दा दैनिकजसो झगडा तथा कुटपिट हुन थाल्यो। परिवारका सदस्यबाट सहयोग पाउनुको साटो उल्टै छोराकै पक्षपोषण गरेको महसुस भएपछि हाल माइती घरमा आमासँगै बस्दै आएकी छन्। उनको परिवार दाइजो फिर्ता गर्ने कि मिलेर बस्ने भनेर पटक-पटक प्रहरी र समुदायसँग छलफल गरिरहँदा उनी भने अब कुनै पनि हालतमा श्रीमान्सँगको जिन्दगी सोच्न नसक्ने बताउँछिन्। उनलाई श्रीमान्को अनैतिक सम्बन्धको दृश्य झलझली आँखा अगाडि आइरहन्छ। उनी राम्रोसँग सुत्न सक्दिनन्, नराम्रो सपना देख्छिन्, धेरै दुःखी देखिन्छिन्, र आशाविहीन भएको महसुस गर्छिन्।

यी त लैङ्गिक हिंसा र यसको मनोसामाजिक प्रभावको विषय उजागर गर्ने प्रतिनिधि पात्र मात्र हुन्। यी पात्र केवल समुद्रमा तैरिएको बरफको ढिक्कालाई विम्बित गरिराखेका छन् र पिँधमा रहेको बरफको हिस्सा कति विशाल छ मापन गर्न भने बाँकी नै छ।

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको एक प्रतिवेदनअनुसार ४८ प्रतिशत महिला आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको लैङ्गिक हिंसा भोगिराखेको हुन्छन्। राष्ट्रिय तथ्यांक



विभाग नेपाल २०७६ को प्रतिवेदनअनुसार पनि १५ देखि ४९ वर्ष उमेर समूहको महिलामा हरेक पाँच जनामा एक जनाले शारीरिक हिंसा भोगिराखेको हुन्छन् भने विवाहित महिलाको सन्दर्भमा हरेक चारमा एक जनाले आफ्नै श्रीमान्बाट हिंसा भोगिराखेका हुन्छन्।

कुनै व्यक्तिले महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएकै आधारमा कसैमाथि घर, समाज, तथा कार्यस्थलमा गर्ने शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य पीडा वा क्षति पुर्‍याउने कार्य नै लैङ्गिक हिंसा हो। यो महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक सबैले अनुभव गर्न सक्छन् तर हाम्रोजस्तो कम विकसित र पितृसत्तात्मक सोच भएको समाजमा भने तुलनात्मक रूपमा महिला हिंसा बढी हुने गरेको पाइन्छ। मधेश प्रदेश प्रहरी, जनकपुरका अनुसार चालू आर्थिक वर्ष कात्तिक सम्ममा (४ महिनामा) मात्र कुल १२८४ वटा घरेलु हिंसाविरुद्ध मुद्दा दर्ता भएका छन्, जसमा महिला हिंसाविरुद्ध मात्र कुलको ९१ प्रतिशत मुद्दा दर्ता भएका छन्। मधेश प्रदेशको हकमा हेर्नुपर्दा दाइजो प्रथा, बालविवाह, बहुविवाह, बोक्सीको आरोप, बलात्कार तथा यौन दूराचार आदि लैङ्गिक हिंसाको प्रमुख कारकमा रहेको देखिन्छ।

लैङ्गिक हिंसासँगै जोडिएर आउने महत्वपूर्ण तर ओझेलमा परेको पक्ष भनेको र यस आलेखमा उठाउन खोजिएको विषय यसको मनोसामाजिक पक्ष हो। सामाजिक गतिविधिले व्यक्तिको शरीर, भावना, व्यवहार र सम्बन्धमा प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पारिराखेको हुन्छ। हिंसा प्रभावित व्यक्तिलाई विभिन्न शारीरिक समस्या, चरम निराशा, आशा विहीनता, आफूलाई दोषी महसुस गर्ने, दिक्दारीपन, रिस, अरूलाई विश्वास गर्न गाह्रो हुने र आफूलाई हानि गर्ने सोच तथा व्यवहार देखिन्छन्। अध्ययनका अनुसार हिंसामा परेका व्यक्तिमा अधिकांशमा घटनापछि आघातजन्य समस्या देखिने गरेको छ। स्प्रिङ्गर लिङ्क नामक जर्नलमा प्रकाशित सुसान रीज र उनको समूहले गरेको अध्ययनअनुसार, मानसिक रूपमा पूर्ण स्वस्थ एक महिला पनि लैङ्गिक हिंसामा परेको एक वर्षदेखि पाँच वर्षको अन्तरालमा कुनै न कुनै प्रकारको मानसिक समस्या र आत्महत्या सम्बन्धित व्यवहार हुन सक्ने प्रबल सम्भावना भएको बताइएको छ। यसरी विश्लेषण गर्दा लैङ्गिक हिंसा मानवधिकारको एक प्रमुख मुद्दा त हो नै जसमा मनोसामाजिक पक्ष पनि प्रत्यक्ष जोडिएर आएको देखिन्छ।

मधेश प्रदेश, महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत विषयगत संरक्षण क्षेत्रको मासिक बैठकमा मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट महिला हिंसा र आत्महत्याको तथ्याङ्क प्रस्तुत गरिन्छ। उक्त तथ्याङ्क केलाउँदा पनि महिला हिंसा र आत्महत्या एक अर्काबीच अन्तरसम्बन्धित भएको अनुमान गर्न सकिन्छ। उपलब्ध तथ्याङ्कअनुसार २०७६ साउनदेखि २०७८ साउनसम्ममा (२ वर्षमा) ३६० जना बालिका र ५७९ जना १८ वर्ष माथिका महिला गरी जम्मा ९३९ जना महिलाले आत्महत्या गरेका थिए। सोही समयमै मधेशमा ४९७ बालिका र २५८ १८-वर्ष माथिका महिला गरी जम्मा ७५५ वटा बलात्कार विरुद्धका मुद्दा दर्ता भएका थिए। उक्त २ वर्षलाई पनि कोरोना भाइरस आउनु पूर्वको नौ महिना (साउन २०७६ देखि ११ चैत्र २०७६ सम्म) र कोरोना दौरानका नौ महिना (पहिलो चरणको बन्दाबन्दी ११ चैत २०७६ देखि साउन २०७७ सम्म ५ महिना र दोस्रो चरणको बन्दाबन्दी वैशाख २०७८ देखि साउन २०७८ सम्म चार महिना गरी जम्मा नौ महिना) लाई तुलनात्मक रूपमा विश्लेषण गर्दा पनि बलात्कारका घटना बढेसँगै आत्महत्याका घटना पनि उल्लेखनीय रूपमा बढेको पाइन्छ। कोरोना अगाडिको नौ महिनाको तुलनामा कोरोना दौरानको नौ महिनामा बालिका बलात्कार र आत्महत्याको घटना क्रमशः ४८ प्रतिशतले र ८० प्रतिशतले बढेको छ। यसरी हेर्दा बालिका बलात्कार र आत्महत्या घटना ३.५ प्रतिशतको अनुपातमा बढेको पाइन्छ।

१८ वर्ष माथिका महिला बलात्कारको घटना ५७ प्रतिशतले वृद्धि हुँदा आत्महत्याको घटना ८५ प्रतिशतले बढेको थियो। कोरोना अगाडिको नौ महिनामा बालिका बलात्कार र आत्महत्याको घटना क्रमशः १३७ र ९३ थियो भने कोरोना दौरानको नौ महिना उक्त सङ्ख्या बढेर २०३ र १६८ पुगेको थियो। त्यसैगरी १८ वर्ष माथिका महिलाको हकमा बलात्कार र आत्महत्याका घटना क्रमशः ७२ र १४१ बाट बढेर ११२ र २६१ पुगेको थियो। तथ्याङ्कअनुसार कोरोनाकाल नै महिना लैङ्गिक हिंसाका घटना बढेसँगै आत्महत्याका घटना बढेको अनुमान लगाउन सकिन्छ। कोरोनाको दौरानमा कुल आत्महत्याको १८ प्रतिशत मात्र पुरुष आत्महत्याको घटना दर्ता भएका थिए।

चालू आर्थिक वर्ष कात्तिक (चार महिना) सम्ममा बालिका र १८ वर्ष माथिका महिला गरेर क्रमश; ४५ र ७५ गरी १२० जना महिला र ११९ जना पुरुषले पनि आत्महत्या गरेका छन्। सोही समयमा कुल १२८४ वटा घरेलु हिंसाविरुद्ध मुद्दा दर्ता भएकोमा ११६४ अथवा ९१ प्रतिशत महिला हिंसाविरुद्धका छन्।

विभिन्न आठवटा युरोपियन देशमा गरिएको क्रस कल्चरल तुलनात्मक अध्ययनअनुसार आत्महत्या प्रयास गरेका व्यक्तिले साझा रूपमा यौन हिंसाको अनुभव गरेको देखिएको थियो। यो विशेष गरेर महिलामा रहेको पाइएको थियो। आत्महत्या गर्नेमध्ये ९५ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको मानसिक समस्या भएको हुन्छ भनेर अध्ययनले भन्दै गर्दा र महिलामा मानसिक विचलनको प्रमुख कारण लैङ्गिक हिंसा हुनुले पनि माथिको तथ्याङ्क पुष्टि हुन्छ। यद्यपि हाम्रो परिवेशमा लैङ्गिक हिंसा र यसको मनोसामाजिक प्रभावबारे पर्याप्त अध्ययन अनुसन्धानको अभाव देखिन्छ। यसका लागि अध्ययन गर्न जरुरी छ।

सामाजिक रूपमा हुने लाञ्छाना तथा विभेदको कारणले गर्दा प्रभावित व्यक्तिले आफ्नो पीडा व्यक्त गर्दैनन् फलस्वरूप मनोसामामाजिक समस्याको सिकार भइरहेका हुन्छन्। द हिन्दुमा सन् २०२० मा प्रकाशित एक लेखका अनुसार झन्डै ८७ प्रतिशत हिंसा प्रभावित महिला जो कहिल्यै सहयोग खोज्दैनन् र ७७ प्रतिशत प्रभावित महिला आफूलाई भएको घटनाबारे कसैलाई बताउँदैनन्। लैङ्गिक हिंसाको प्रभाव व्यक्तिलाई मात्र नभई परिवार, समाज तथा सम्पूर्ण राष्ट्रलाई पर्छ। कुनै पनि व्यक्तिले हिंसा गर्छ भने ऊ आफैँ पनि मनोसामाजिक समस्याबाट गुज्रिरहेको हुनसक्छ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रम गरी मनाइन्छ। नेपाल सरकारले लैङ्गिक हिंसा प्रभावितलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत मनोसामाजिक सहयोग गर्दै आइरहेको भए पनि सेवालाई प्रभावितको सहज पहुँचमा पुर्‍याउन थप कार्य गर्नुपर्ने देखिन्छ।

# ब्रिज इन्टरनेशनलको आज उद्घाटन

झापा(प्रस) । विगत सात वर्षदेखि विदेश अध्ययन गर्न जान चाहने ईच्छुक विद्यार्थीहरुलाई अंग्रेजी भाषा टेस्ट (IELTS,PTE) तथा शैक्षिक परामर्श सेवा प्रदान गर्दै आइरहेको ब्रिज इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सीको बिर्तामोड शाखाको आज उद्घाटन हुँदैछ । आफ्नो सेवा र सुबिधालाई विस्तार गर्ने क्रममा आज फागुन ५ गते शुक्रबारका दिन झापा जिल्लाको मुटु बिर्तामोडमा ब्रिज इन्टरनेशनलले आफ्नो शाखा उद्घाटन गर्न लागेको हो । यसको मुख्य कार्यालय कमलादी काठमाडौँमा रहेको छ भने शाखा कार्यालय महारागंजमा रहेको छ। यसपश्चात् अस्ट्रेलियाको सिड्नीमा आफ्नो दोस्रो अन्तर्राष्ट्रिय शाखा उद्घाटन गर्ने योजना रहेको छ । यसअघि कम्पनीको अन्तर्राष्ट्रिय शाखा युकेको लन्डनमा दर्ता भई संचालनमा रहेको छ ।







# निडको आधारमा काउन्सिलिङ



• भुवन गिरी
एक्जुकेटिभ चेयरमेन

विशेष गरी नेपाली विद्यार्थीहरु वैदेशिक अध्ययनमा जानु भयो , कुन देश जान योग्य छन् भाषागत रुपमा , उनीहरुको फाईनान्सियल क्यापासिटीको आधारमा र उनीहरुको एकाडेमिक प्रोफाईलको आधारमा कुन विद्यार्थी कुन विश्वविद्यालयको लागि योग्य छन् र भोली कुन देश जाँदा चाहिँ उसले चाहेको विषयमा उच्च शिक्षा हासिल गरेर फर्किदा खेरी नेपालमै पनि त्यसको युटिलाईजेसन हुन्छ र आफ्ना बाबुआमाले गरेको लगानीलाई उच्चतम प्रतिफल कसरी प्राप्त गर्न सक्छन् भन्ने कुरा उनीहरुको प्रोफाईल काउन्सिलिङ गर्नको लागि यानिकि कुनै स्पेसिफिक कन्ट्री नभएर कुनै विद्यार्थीको प्रोफाईलको आधारमा काउन्सिलिङ गर्नु पर्छ भन्ने हामीलाई कौतुहलता वा नेपाली विद्यार्थीहरुको आवश्यकता देखिएको कारणले गर्दा विशेष गरी विद्यार्थीको प्रोफाईलको आधारमा काउन्सिलिङ गर्न बिर्तामोडमा पनि हामीले शाखा स्थापना गर्ने जमर्को गरेका छौं ।

विशेष गरी ब्रिजमै किन आउने त विद्यार्थी ? हामीले अरुभन्दा पृथक के सेवा दिन सक्छौ भन्दा चाहिँ यो ईम्पोर्टेन्ट हुन सक्छ । हामीलाई अन्तर्राष्ट्रिय कुरामा पनि हाम्रो प्रेजेन्स रहेको र युनिभर्सिटीसंग डाइरेक्ट रिप्रिजेन्ट गर्ने र विद्यार्थीहरु प्रत्यक्ष रुपमा ईन्फरमेसन प्राप्त गर्नुहुन्छ भने पक्कै पनि ब्रिज ईन्टरनेशनल उहाँहरुको लागि सहि रहन सक्ने छ । त्यसैगरी भाषा शिक्षा लगायत ILETS ,PTE जस्ता टेष्टहरु पनि एउटा योग्य प्रशिक्षकद्वारा उहाँहरुको प्रोफाईल अनुसार , उहाँहरु कसरी उच्च मार्क्स ल्याउनु हुन्छ भन्ने उनीहरुको प्रोफाईल एनेलाईसिसको आधारमा हामीले विशेष गरी उहाँहरुलाई तयारी कक्षाहरु गराउँछौं । त्यसको लागि उहाँहरुले अरु संस्थाहरुभन्दा ब्रिजलाई भिन्न रुपमा प्राप्त गर्न सक्नुहुन्छ । त्यसकारण एकचोटी सम्पूर्ण विद्यार्थीहरुलाई हाम्रो शिक्षा सेवा कस्तो छ त ? उहाँहरुको अनुरुप सेवा प्रदान भईरहेको छ कि छैन , हाम्रो सेवा कस्तो लागिरहेको छ ? त्यसको लागि मात्र भए पनि सम्पूर्ण विद्यार्थीहरुलाई एकचोटी ब्रिज ईन्टरनेश्नलको बिर्तामोड शाखा जुन चाहिँ भद्रपुर रोडमा नेक्स्ट टु क्वालिटि कम्प्युटर पशुपति कम्प्लेक्सको फस्ट तलामा छ । सबै जनालाई सेवाको लागि आई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । सकभर हामीले तपाईको चाहना , इच्छा , तपाईको प्रोफाईल , तपाईको फाईनान्स क्यापिलिबिटिको आधारमा तपाईहरुलाई काउन्सिलिङ गर्नेछौं ।

हामीले विगत ७ वर्षदेखि करीयर काउन्सिलिङमा विद्यार्थीहरुलाई सेवा दिईरहँदा AUSTRALIA , UK , USA , CANADA , JAPAN लगायतका देशमा विदेश अध्ययनमार्फत जाने विद्यार्थीहरुले धेरैभन्दा धेरै बेनीफिट लिन सफल भइसक्नु भएको छ । विशेष गरी हामीले दिने सेवामा उहाँहरुको लगानी नफस्ने गरी , उहाँहरुको कुनै पनि देशको प्रोसेस अगाडी बढिसकेपछि सकभर उहाँहरुको सक्सेस हुनेगरी वान बाई वान टेक केयर गरेर हामीले चाहिँ सेवा दिने गरिरहेका छौं । हालसम्म भन्नुपर्दा स्टडी ईन यूकेको लागि मात्र हामीले ३००० प्लस विद्यार्थीहरुलाई चाहिँ सफल रुपमा उहाँहरुको उच्च शिक्षा हासिल गर्ने सपना पुरा गरिसकेका छौं । त्यस्तै गरेर १००० प्लस विद्यार्थीहरु अस्ट्रेलिया लगायत अन्य देशहरुमा सेवा लिइसक्नु भएको छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा वेनिफिट लिने विद्यार्थीहरुको संख्या धेरै छ । कतिपय विद्यार्थीहरुले हाम्रो सहि करियर गाईडेन्सलाई आधार मानेर नेपालमै पनि भर्ना हुनु भयो भने , कतिपय विद्यार्थीहरु वैदेशिक विश्व विद्यालयमा गएर आफ्नो उच्च शिक्षा हासिल गरिरहनु भएको छ । केही विद्यार्थीहरु उच्च शिक्षा हासिल गरेर नेपाल फर्किसक्नु भएको छ । र, हामीलाई जति पनि विद्यार्थीले विश्वास गर्नु भएको छ , हामीले बाहिर गएर पनि कुनै पनि कुरामा अप्ठयारो नपर्ने , विशेष गरी नेपालमै ध्यान दिनु पर्छ । कस्तो खालको सीपमुलक तालिमहरु लिएर बिदेश जाँदा आफूले दुःख पाउदैनौ भन्ने लगायतका हामीले त्यहाँका प्रत्यक्ष , वास्तविक जीवनसंग मेल खाने कुराहरुलाई हामीले समावेश गर्ने गरेका छौं ।

जो विद्यार्थी नेपालमा प्लस टु अथवा व्याचलर पढिसक्नु भएको छ र जसले विदेश नै आफ्नो उच्च शिक्षाको लागि गन्तब्यको रुपमा जाने सोच गरिराख्नु भएको छ । त्यसमा पनि विशेष गरी CANADA , USA ,UK , AUSTRALIA अथवा JAPAN लगायतका कन्ट्रीहरुमा चाहिँ म यही ५ वटा कन्ट्रीमा गएर मेरो शिक्षालाई अगाडी बढाउन चाहन्छु भन्ने विद्यार्थीहरु विशेष गरी र जसले देशमा पनि राम्रा शैक्षिक संस्थाहरु छन् जसले त्यो पैसा लगानी गर्दा नेपालमै पनि त्यो लेबलको शिक्षा प्राप्त गर्न सक्नु हुन्छ । उहाँहरुले नेपालमै पनि पढ्न सक्नु हुन्छ र जसले चाहिँ मैले देशमा शिक्षा लिएँ र अब अन्तर्राष्ट्रिय शिक्षा हासिल गर्छु अथवा मेरो थोरै भएपनि आफ्नो प्रोफाईल अपडेट गर्न चाहन्छु । विदेश गएर त्यहाँ पढेको , बुझेको , विभिन्न देशका विद्यार्थीहरुसंगको घुलमिलतालाई त्यहाँको सीप , कल्चरलाई , विभिन्न पोजेटिभ कुराहरुलाई नेपालमै केही गर्न सक्छु भन्ने सोच्नु भएको छ उहाँहरुलाई ब्रिज ईन्टरनेशनल उपयुक्त हुनेछ ।

विगत ७ वर्षदेखि नै एकदमै विद्यार्थीको निडको आधारमा हामीले काउन्सिलिङ गरिरहेका छौ । धेरैभन्दा धेरै विद्यार्थीहरुले , अभिभावकहरुले हामीलाई विश्वास गर्नु भएको छ , उहाँहरुलाई हामीले सकेसम्म राम्रो , जेन्युन काउन्सिलिङ दिने प्रयत्न गरिरहेका छौ । यो विश्वास पक्कै पनि सँधै कायम रहन्छ भन्ने लाग्छ ।

# उपयुक्त इन्भारोमेन्ट छ



• जितेन्द्र गिरी
ब्रान्च मेनेजर

खासमा हामीले विदेश जान चाहने भाइबहिनीहरुलाई लक्षित गरेर उहाँहरुलाई सही र यथार्थ परामर्श सेवा दिनुपर्छ भनेर त्यो खालको परामर्श सेवा उहाँहरुले पाउनुपर्छ भन्ने कुरा मनन गरी त्यो संगसंगै विदेश अध्ययन गर्न जानको लागि अंग्रेजी भाषाको ज्ञान हुनुपर्छ । त्यसका विभिन्न टेष्टहरु हुन्छन् । ती टेष्टहरुको लागि सही इन्स्ट्रक्टरले उहाँहरुलाई गाईड गर्नुभयो भने पछिको जुन टेष्ट हुन्छ त्यो राम्रो गर्न सक्नुहुन्छ । यसकारण हाम्रो पहिलो फोकस चाहिँ विद्यार्थी भाइबहिनीहरुलाई राम्रो एउटा अंग्रेजी टेष्टका कक्षाहरु गराउन गईरहेका छौं । अत्यन्तै अनुभवी इन्स्ट्रक्टरहरु हुनुहुन्छ अंग्रेजी भाषाहरुका लागि त्यस संगसंगै अध्ययन गर्नको लागि भाइबहिनीहरुलाई वातावरणको पनि अत्यन्तै भूमिका हुन्छ ताकी कक्षा कोठामा उहाँहरु बस्दा पढौ पढौ लाग्ने खालको वातावरण हुनुपर्छ ताकी इन्स्ट्रक्टरले भन्दै गरेको कुरा राम्रोसंग बुझ्नको लागि इन्फ्रास्टक्चर पनि राम्रो चाहिन्छ भन्ने हामीले महसुस गरेको हुनाले बिर्तामोड ब्रान्चमा चाहिँ हामीले जुन इन्फ्रास्टक्चर छ क्लासरुम , पि.टि ल्याबहरुलगायत जति पनि अफिसको संरचनाहरु छन् सबै विद्यार्थी फ्रेन्डली संरचना तयार गरेका छौं । हामीले स्टुडेन्टका रुपमा मानेका छौ किनभने जस्तो विद्यार्थीहरुले खोज्नुहुन्छ , उहाँहरुले जस्तो इन्भारोमेन्ट खोज्नुहुन्छ त्यस्तै दिन खोज्छौ । हामीसंग प्रोजेक्टरहरु छ , बस्नको लागि हामीसंग सुबिधायुक्त राम्रो क्लासरुमहरु रहेका छन् र यिनै कुराहरु छन् । मुख्य कुरा बिर्तामोड ब्रान्चबाट चाहिँ अत्याधुनिक इन्फ्रास्टक्चर , टेक्नोलोजी , अनुभवी प्रशिक्षकहरुद्वारा हामीले उहाँहरुलाई भाषा, इङ्गलिस क्लासेसहरु दिँदैछौं टेष्टहरुको लागि । र त्यो संगसंगै पूर्वमा रहनुभएका अभिभावकहरुलाई पनि जिज्ञासा हुन्छ कि मेरो छोराछोरीको क्षमता के हो ? , अथवा मेरो आर्थिक हैसियत के छ ,

bridge™ INTERNATIONAL EDUCATIONAL CONSULTANCY
www.bicm.edu.np

पारिवारिक व्याकग्राउन्ड के छ , रुचि केमा छ ? र देशमा होस् वा विदेशमा एउटा विद्यार्थीले अध्ययन गरेर आफ्नो सुन्दर भविष्य बनाउनको लागि उहाँहरुलाई राम्रो गाईडेन्सको खाँचो छ र हाम्रो ब्रिज ईन्टरनेशनल बिर्तामोडको एउटा कन्सेप्ट के छ भन्दा , विदेश अध्ययन गर्न जाने संगसंगै , अब सबै विदेश अध्ययन गर्न जाने भन्ने पनि हुन्न किनभने एउटा उद्देश्य हुन्छ , लक्ष्य हुन्छ , उहाँको टेक्नोलोजी , उहाँको सीपहरु देखेर फेरि नेपाल आर इम्प्लोईमेन्ट गर्छु भन्ने कतिपय विद्यार्थीको एउटा समूह हुन्छ भने कतिपयहरु चाहिँ म नेपालमै आफूलाई एक्सप्लोर गर्छु , आफनो रुचि अनुसारको अध्ययन गर्छु भन्ने जमात पनि छ । त्यसैले हामीले चाहिँ सम्पूर्ण विद्यार्थीहरु जो अन्योलतामा छन् ताकी मैले भविष्यमा गएर के गर्ने । जस्तो मेरो रुचि के हो ? त्यसको लागि के के विषय छ ? त्यो कोर्स पढ्यो भने भविष्यमा के हुन्छ त ? जस्तो कि मेरो लक्ष्य एकातिर र पढाई अर्कोतिर । म म्यानेजमेन्ट पढिरहेको छु र ईन्जिनियरिङ गर्छु भन्न सकिदैन , जस्तो मेडिकल पर्सन बन्ने उद्देश्य छ र अर्को पढ्यो भने त्यसले चाहिँ काम गरेन । रुचि चाहिँ ड्रोइङ बनाउनमा छ अध्ययन अर्को विषयको भयो भने पनि विद्यार्थीहरुलाई चाहिँ निकै समस्या हुन्छ । उहाँहरु आफैलाई चाहिँ थाहा हुँदैन पनि । जसले एस.ई.ई पश्चात वा प्लस टु गरिसकेपछि ब्याचलर गरिसक्दा पनि कतिपय विद्यार्थी भाइबहिनीहरु चाहिँ कन्फ्युजमै हुन्छन् कि मेरो लक्ष्य के हो ? मैले पढिरहेको के छु र व्यवहारिक जीवनमा यसलाई लगेर कहाँ लागु गर्ने ? आफूले कतिखेर ईम्प्लीमेन्ट गर्ने भन्ने कुराहरुमा कन्फ्युजन हुन्छ र कतिपयमा उहाँहरुमा ईन्ट्रेस्ट हुन्छ की अब अन्तर्राष्ट्रिय अलि ग्लोबलाईज जमाना छ । हामीले सीप ,ज्ञान जुन एउटा क्षमता दक्षता राख्छौ, त्यो एउटा गाउँ टोलमा मात्रै सीमित नभएर हामीले एउटा अन्तर्राष्ट्रिय लेबलमा एक्सप्रोल गर्नु पर्ने अवस्था छ । हामीले नेपालकै कन्टेष्टलाई हेर्ने हो भने नेपालकै विद्वान हुन्छौ , उहाँहरुले चाहिँ कन्ट्रीलाई रेप्रिजेन्ट गरेर वर्ल्डमा आफनो क्षमता , दक्षतालाई रेप्रिजेन्ट गरी राख्नु भएको छ । त्यसकारण हामीले यो जुन शिक्षाको सिष्टम छ यसलाई ग्लोबलाईज गर्नुपर्यो । आफ्नो ज्ञान, क्षमतालाई विश्व बजार, मार्केटमा पुऱ्याउन सक्नु पर्यो । यो ग्लोबलाईजेसनको समयमा भाइबहिनीहरुलाई एउटा ग्लोबसंग कनेक्ट गर्ने , connect with globalization त्यो गर्न लागेका छौं ।

उहाँहरुलाई एउटा शाश्वस्त , उपयुक्त , यथार्थपरक परामर्श सेवा दिनु पर्छ भन्ने उद्देश्य राखेर हामीले यो ब्रिज ईन्टरनेशनललाई अगाडी बढाउने योजना बनाएका छौ । धेरै विद्यार्थी भाइबहिनीहरुको विदेश अध्ययन गर्न जाने सोच भएको हुन सक्छ र त्यसमा पनि हामीले उद्घाटनको अवसरमा UK & AUSTRALIA त्यहाँको विश्व विद्यालयका प्रतिनिधिहरुलाई प्रत्यक्ष रुपमा हामीले बिर्तामोड ब्रान्चमा ल्याउँदै छौ । कुनै पनि विद्यार्थी भाइबहिनीको लागि एउटा खुसीको कुरा हो । किनभने कुनै पनि ईन्फरमेसन प्रत्यक्ष युनिभर्सिटीकै प्रतिनिधिहरुबाट आफ्नो जिज्ञासाको समाधान पाउनु भयो भने उहाँहरु पनि सन्तुष्ट बन्नुहुन्छ । त्यसै कारणले गर्दा उद्घाटनकै अवसरमा हामीले सेमिनार संचालन गर्दैछौं । त्यो पनि विशेष गरेर AUSTRALIA / UK जाने भनेर यदि कोही भाइबहिनीले सोचिराख्नु भएको छ भने उहाँहरुलाई अवसर छ । म तपाईमार्फत नै उहाँहरुलाई आव्हान गर्न चाहन्छु , इन्भाईट गर्न चाहन्छु । PLEASE JOIN US IN OUR GRAND OPENING CEROMANY ON 5th of this falgun र आएर पनि तपाईहरुले प्रत्यक्ष रुपमा उहाँहरुसंग भेटनुस् , आफ्नो जिज्ञासा राख्नुस् किनभने जिज्ञासा राख्नु भनेको चाहिँ भोली बाहिर नै जानु पर्छ भने पनि होइन । तपाईलाई विदेशमा के खालको अध्ययन हुन्छ , कसरी जानेलगायतका कुराहरु त्यहाँको बारेमा जान्न, त्यहाँको कोर्सको बारेमा जान्न मन छ भने आउनु होला ।

* विज्ञापन





MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१९ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

मेष — महत्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक क्षेत्रबाट सफलता पाइएला ।

वृष — आज भाग्यले विभिन्न अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन — नयाँ रचनात्मक काममा जुट्ने समय छ । धार्मिक क्षेत्रमा रुचि बढ्नेछ ।

कर्कट — साझेदारी काममा उल्झन आउन सक्छ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

सिंह — ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

कन्या — आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । सफल यात्राको योग छ ।

तुला — आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

वृश्चिक — सहकर्मीबाट विरोध पनि आउन सक्छ । खर्चसमेत बढ्ने योग छ ।

धनु — धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध अझै कसिलो हुनेछ ।

मकर — आज नयाँ अवसरहरू आउनाले मन प्रसन्न रहनेछ । स्वादिष्ट भोजनको यो छ ।

कुम्भ — आज पुरानो समस्या सुल्झाउन सकिनेछ । देश र सामाजिक हितमा मन जानेछ ।

मिन — मनमा उत्साहको कमी देखिनसक्छ । गरिएको कामबाट लाभ लिन सकिने छैन ।